जहां छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलगरनगा छन् भक्तवत्सल महेश्वर । म जन्मिए झुकिँए यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ॥-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०५०/५१

सबै क्षेत्रको प्रबर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

बर्ष १३ • अंक १८ • २०८२ कार्तिक २४ गते सोमवार • 10 Nov. 2025 • पृष्ठ ४ • मुल्य रु.५/-



NAME
COACHING & TRAINING CENTER PVT. LTD.
Janakpurdham-4, (Shantinagar)
9854025530 / 9824885783


## स्वास्थ्य कार्यालयको जिल्लास्तरीय वार्षिक समीक्षा

जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, २३ कार्तिक



आर्थिक वर्ष २०८१।०८२ को सम्पादित स्वास्थ्य कार्यक्रमहरुको जिल्लास्तरीय वार्षिक समीक्षा कार्यक्रम आइतबारदेखि सुरु भएको छ ।

स्वास्थ्य कार्यालय धनुषाले आयोजना गरेको समीक्षा कार्यक्रममा जिल्लाका १८ पालिकाहरुले वर्ष दिनमा संचालन गरेको स्वास्थ्य सम्बन्धी क्रियाकलापसम्बन्धी प्रस्तुतिकरण गर्ने छन् । स्वास्थ्य कार्यालयका प्रमुख उमेशकुमार यादवको अध्यक्षतामा भएको उद्घाटन सत्रमा जिल्ला समन्वय समितिका प्रमुख राजनन्दन मण्डलले स्वास्थ्यकर्मीहरुको मनोवल खसाउने कार्य नगर्न सबैमा आग्रह गरे । अझै केही पालिकाहरुले अहिलेसम्म तलब खुवाउन सकेको छैन, उनले भने-तलब नै नपाएपछि स्वास्थ्यकर्मीको मनोवलमा कस्तो प्रभाव पर्छ ? सबैभन्दा बढी खट्ने स्वास्थ्यकर्मीहरुको मनोबल बढाउने कार्यमा सबै पक्षले सहयोग गर्नुपर्ने धारणा उनको थियो । शुभकामना मन्तव्य राख्दै स्वास्थ्य कार्यालय बाराका प्रमुख रामनरेश यादवले पनि स्वास्थ्य क्षेत्रको सुधारका लागि कर्मचारीको मनोबल बढाउनुपर्नेमा जोड दिए । तलब, भत्ता जस्ता विषयलाई लिएर स्वास्थ्यकर्मीहरुले आन्दोलित हुनु दुखद रहेको यादवले बताए । यस्ता समस्याहरु तत्काल समाधान गरेर उनीहरुलाई काम गर्ने वातावरण बनाइदिनुपर्ने धारणा उनको थियो ।

प्रादेशिक आयुर्वेद तथा वैकल्पिक चिकित्सालय धनुषाका प्रमुख महारुद्र ठाकुरले स्वास्थ्यकर्मीहरुले विपरीत परिस्थितिमा पनि सेवामा खटिने गरेकाले उनीहरुको मनोवलमा नकारात्मक प्रभाव पर्ने कार्य नगर्न सबैमा आग्रह गरे ।

सोमबारसम्म चल्ने समीक्षा कार्यक्रममा जिल्लाका १८ पालिकाका स्वास्थ्य शाखा प्रमुख, स्वास्थ्यकर्मी, जिल्ला स्वास्थ्य कार्यालयका शिवजी दास, रामबाबु ठाकुर, पंकज साह लगायतको उपस्थिति रहेको थियो ।

## विभेदको अन्त्य गर्ने उद्देश्यले महोत्तरीको जलेश्वरमा जिल्ला स्तरीय अन्तर्क्रिया कार्यक्रम सम्पन्न

जलेश्वरटुडे समाचारदाता
महोत्तरी, २३ कार्तिक



दलित, आदिवासी जनजाति, पिछडावर्ग, थारु तथा अन्य अल्पसंख्यक समुदायमाथि जारी आर्थिक, सामाजिक, धार्मिक, सांस्कृतिक र राजनीतिक असमानता तथा विभेदको अन्त्य गर्ने उद्देश्यले महोत्तरीको जलेश्वरमा जिल्ला स्तरीय अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रमले उत्पीडित समुदायको हक-अधिकार, समान प्रतिनिधित्व र न्याय सुनिश्चितताका लागि सबै समुदाय एकजुट हुनुपर्ने निष्कर्ष निकालेको छ । परिसंघका केन्द्रीय संयोजक चन्देश्वर पासवानको अध्यक्षतामा सम्पन्न कार्यक्रममा प्रमुख अतिथिका रूपमा जनता समाजवादी पार्टी नेपाल (जसपा) का राष्ट्रिय अध्यक्ष उपेन्द्र यादव उपस्थित रहनुभयो। कार्यक्रमलाई सम्बोधन गर्दै जसपा अध्यक्ष यादवले दलित, आदिवासी, थारु, पिछडावर्ग तथा अल्पसंख्यक समुदायले देशका विकास र निर्माणमा महत्वपूर्ण योगदान पुर्‍याएको उल्लेख गर्दै, "यी समुदायको श्रम नहुँदो हो त देशमा विकाससमेत हुने थिएन," भन्दै उनीहरूको मेहनत र भूमिकाको प्रशंसा गर्नुभयो।

राज्यबाट लामो समयदेखि उपेक्षित ती समुदायलाई संगठित भएर आफ्नो अधिकारका लागि संयुक्त आवाज उठाउनुपर्ने आवश्यकता औंल्याउँदै यादवले जनसंख्याको आधारमा राज्यका सबै निकायमा समान प्रतिनिधित्व सुनिश्चित गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले भन्नुभयो, "यी समुदायहरू आफ्नै अधिकारबाट बञ्चित भइरहे भने लोकतन्त्रको कुनै अर्थ रहँदैन ।"

विशेष अतिथी पूर्व स्वास्थ्य राज्य मन्त्री तथा जसपा नेपालका केन्द्रीय सदस्य डा. सुरेन्द्र कुमार यादवले दलित, थारु, आदिवासी जनजाति, पिछडावर्ग तथा अल्पसंख्यक समुदायसँग सम्बन्धित संघ-संस्था र अगुवाहरूले राष्ट्रिय पहिचान, मानव अधिकार, समान प्रतिनिधित्व, गुणस्तरीय शिक्षा-स्वास्थ्य र रोजगारीका अवसर सुनिश्चित गर्न राज्य जिम्मेवार हुनुपर्ने धारणा व्यक्त गर्नुभयो । सहभागीहरूले विभेद र शोषण विरुद्ध एकीकृत, दीर्घकालीन र सशक्त आन्दोलन आवश्यक रहेको बताउँदै आपसी एकता र समन्वयलाई पहिलो प्राथमिकता दिनुपर्नेमा जोड दिएका छन् ।

## जलवायु परिवर्तन प्रति युवाहरु गंभीर



जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, २३ कार्तिक

जलवायु कार्य सम्बन्धी पहलको लागि युवा सञ्जाल, युवा सामुदायिक संगठन र युवा आधारित गैर सरकारी संस्थाको नक्सांकनका लागि प्रदेशस्तरीय सरोकारबालाहरुको कार्यशाला आइतबार जनकपुरधाममा सम्पन्न भएको छ ।

युनिसेफको सहयोगमा पिपुल प्रमोट सेन्टर (पीपीसी) जनकपुरधामले आयोजना गरेको कार्यशालामा सरोकारबालाहरुले जलवायु परिवर्तनका कारण देखिएको जल संकट र विपत्तको जोखिम न्युनिकरण गर्न अपनाउनुपर्ने सतर्कताबारे चर्चा गरेका छन् ।

वन निर्देशनालय मधेश प्रदेशका बेचन कुमार महतोले वन फडानी र चुरे दोहनले मधेशलाई मरुभूमिकरणतर्फ लैजान लागेको बताए। आउँदो २० वर्षपछि पछि पानीको सतह दुई गुणासम्म तल गएर हजार फिटसम्म जाने डरलाग्दो तथ्यांक प्रस्तुत गरे । हाल राजधानी जनकपुरधाममा पाँच सय फिट तल खानेपानीको लेयर पाउने गरिएको छ । तर, आउँदो दुई दशकपछि यो घटेर दोब्बर हुन जाने अनुमान उनको छ। यसका लागि वृक्षारोपन, चुरे संरक्षण लगायतका कार्यहरु आवश्यक रहेको महतोले बताए। मधेशको लाइफलाईन रहेको चुरे संरक्षणमा जोड दिनुको विकल्प नरहेको वातावरणविद् नागदेव यादवले बताए । चुरे रहे, मधेश रह्ने भएकाले यसको लागि सरकारी र गैरसरकारी निकायबाट पनि प्रयास जरुरी रहेको यादवले बताए ।

पीपीसीका अध्यक्ष कमलेश कुमार मण्डलको अध्यक्षतामा भएको कार्याशालामा ग्रिनस्पेश नेपालका धिरज साहले हरित प्रदेश बनाउने कार्यलाई अघि बढाउन सबै पक्षले एकअर्कालाई सहयोग गर्नुपर्ने तर्क गरे । कुनै एक पक्षले गर्दैमा वातावरण सम्बन्धी समस्या समाधान नहुने भएकाले यसमा युवासँगै सामूहिक पहल आवश्यक रहेको बताए ।

सामुदायिक परिवार कल्याण संघ (सीएफडब्लुए) का लक्ष्मेश्वर मण्डलले जलवायु परिवर्तनले पारेको प्रभावबारे आफूहरुले पनि कार्यक्रम संचालन गरिरहेको बताउँदै यसका लागि समय समयमा वृक्षारोपण लगायतका क्रियाकलापहरु गर्दै आएको बताए । वातावरणीय जोखिम न्युनिकरण गर्नका लागि तीनै तहको सरकारबीच समन्वय आवश्यक रहेको बताउँदै इन्सेकका मधेश प्रदेश संयोजक राजु पासवानले गैरसरकारी संस्थाहरुलाई पनि यसमा जोड्नुपर्ने तर्क गरे । चुरे दोहण, वन विनास जस्ता समस्या समाधानमा सबैको पहल र सक्रियता आवश्यक रहेको उनले थपे । पीपीसीका प्रेमकान्त झाले सहजीकरण गरेका कार्याशालामा युनिसेफका मेघराज मगर, डीडीआरसीका जागेश्वर यादव, सतिशकुमार ठाकुर, मो. नइम राइन लगायतको उपस्थिति रहेको थियो ।


GYAN GANGA INT'L PUBLIC SCHOOL
Janakpurdham-12, Airport Road, Dhanusha
Contact : 9844027971, 9824877627
Our Features
* Highly Experienced Teachers' Team.
* Result Oriented Learning Pattern.
* Day Boarders & Healthy Hostel Facility.
* Special Class for Weak Students.
* Robotic & Computer Class Facilities from Grade-1.
* Cricket, Classical Dance, Singing, and others Friday Contest Facilities.
* Monitoring by CC Tv. * Transport Facility.

GALAXY SCHOOL/COLLEGE
Bajrang Chowk, Janakpurdham-8
041-524969/9854028024
NEB AFFILIATED
Admission Open ! +2
- SCIENCE
- MANAGEMENT
- EDUCATION
- LAW with Computer
Super 81 Scholarship Scheme
33 Years of Academic Excellence




# प्रत्यक्ष निर्वाचित कार्यकारी हुन जरुरी

नेपालको राजनीतिक इतिहासमा २०७२ सालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना गर्दै अमेरिकी शैलीको संघीय संसद् प्रणालीलाई अपनाएको देखिन्छ। यो प्रणालीले नेपाललाई सात प्रदेशमा विभाजित गरी केन्द्रीय र प्रदेशीय सरकार बीच शक्ति बाँडफाँट गरेको देखिन्छ। जसले अमेरिकाको संघीय संसद् जस्तै द्विसदनात्मक व्यवस्था गरेको देखिन्छ । नेपालमा बेलायतमा जस्तो वेस्टमिन्स्टर मोडल बारम्बार असफल भएकाले विकल्प खोजी भइरहेको देखिन्छ। नेपालमा प्रतिनिधिसभा र राष्ट्रिय सभा मिलेर बनेको संघीय संसद् रहेको छ। प्रतिनिधिसभा जनसंख्याको आधारमा निर्वाचित हुन्छ, जसमा २७५ सदस्य हुन्छन- १६५ प्रत्यक्ष निर्वाचित र ११० समानुपातिक ।

राष्ट्रिय सभा भने प्रदेशहरूको समान प्रतिनिधित्वमा आधारित छ, जसमा ५९ सदस्य हुन्छ- प्रत्येक प्रदेशबाट ८ जना निर्वाचित र ३ जना मनोनीत । यो प्रणालीले नेपालमा स्थानीय स्वायत्तता बढाउने परिकल्पना गरे तापनि व्यवहारमा सफल हुन सकेको छैन। प्रदेश सरकारहरू पनि छिटोछिटो ढल्ने कारणले संघीयताको अक्षर र भावनालाई व्यवहारमा अंगाल्न सकेको छैन । नेपालमा विगत ७५ वर्षमा कुनै पनि सरकारले ५ वर्षे कार्यकाल पूरा गर्न नसकेको र २०६२ को जनआन्दोलन पश्चात् कुनै निश्चित सिद्धान्त विहीन गठबन्धन सरकारहरूले लोकतन्त्रका मूल्य मान्यता नाघेकाले प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति वा प्रधानमन्त्री हुनु पर्दछ।

# मधेश प्रदेशमा प्रदेश सरकार गठनमा भने सकस जस्ताको त्यस्तै

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, २३ कार्तिक**

प्रदेशसभामा मुख्यमन्त्री जितेन्द्रप्रसाद सोनललाई सत्ता गठबन्धनकै घटक दलले विरोध गरेपछि उनले मुख्यमन्त्री पदबाट राजीनामा दिएका छन् ।

उनको राजीनामा प्रदेश प्रमुखले स्वीकृतसमेत गरिसकेका छन् । मुख्यमन्त्री सोनललाई विश्वासको मतमा साथ नदिँदा उनी असफल भए । तर मधेश प्रदेशमा प्रदेश सरकार गठनमा भने सकस जस्ताको त्यस्तै रहेको छ । उनले राजीनामा दिएपछि अबको प्रदेश सरकार गठनमा गम्भीर संकट उत्पन्न भएको छ। सत्तागबठन्धनका लोसपाको पक्षमा ५२ जना सांसद देखिएका छन् भने नेपाली कांग्रेस-एमालेको पक्षमा ५१ जना सांसद देखिएका कारण वैधानिक व्यवस्था अनुसार प्रदेशसभामा अन्योलता कायम भएको छ। प्रदेशसभामा ३ जना सांसद निलम्बित छन्।



सभामुखले मत खसाल्न पाउने व्यवस्था नै छैन भने प्रदेशसभामा रहेका १०३ सांसद छन् । लोसपाको हातबाट प्रदेश सत्ता गएपछि प्रदेश सरकारको बल कांग्रेस-एमालेकै हात गएको छ। तर कांग्रेस-एमालेसंग उनीहरुको आफ्नै सांसद गरी ४५, जनमत पार्टीबाट अलग भएका सतीशकुमार सिंह, त्रिभुवन साह गरी दुई जना, नेपाल संघीय समाजवादी पार्टीका एकजना र राप्रपाका एकजना, माओवादीका सांसद रहबर अन्सारी र माला कर्ण गरी ५१ जना सांसद रहेका छन् । यसरी कांग्रेस- एमालेलाई पनि प्रदेश सरकार गठनमा बहुमत पुग्ने अवस्था नदेखिदा प्रदेश सरकारकै किचलोका कारण प्रदेशसभा विघटनको संघारमा पुगेको राजनीतिक विश्लेषकहरुको भनाइ छ । यता नेपाली कांग्रेस नयाँ सरकारको रणनीति बनाउने छलफलमा जुटेको छ ।

नेपाली कांग्रेस मधेश प्रदेशका संसदीय दलका नेता कृष्णप्रसाद यादवले आफूहरु सर्वदलीय सरकार बनाउने पक्षमा रहेको बताए । उनले अबको रणनीति प्रदेश सरकारमा सबै दलको सहभागिता हुने गरी सर्वदलिय सरकारको पक्षमा रहेको स्पष्ट पार्दै सोही अनुसार आफूहरु छलफलमा जुटेको बताए।



अनुरोधकर्ता
रामगोपालपुर नगरपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश

# विद्यार्थीहरुलाई सम्मान



**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, २३ कार्तिक**

शैक्षिक वर्ष २०८२ को B.Sc. Agriculture खुला प्रवेश परीक्षामा त्रिभुवन विश्वविद्यालय (TU) र कृषि तथा वन विज्ञान विश्वविद्यालय (AFU) बाट पूर्ण छात्रवृत्तिमा नाम निकाल्न सफल विद्यार्थीहरूलाई राष्ट्रिय माध्यमिक विद्यालय, कान्तिबजारले बधाई तथा शुभकामना कार्यक्रमका साथ सम्मान गरेको छ।

महोत्तरीको गौशाला नगरपालिका-१२ स्थित राष्ट्रिय माध्यमिक विद्यालय, कान्तिबजारका विद्यार्थीहरू – करिश्मा साह, आनन्द साह, आनन्द सिंह र नगीना शर्मा – ले देशका प्रमुख विश्वविद्यालयहरूमा छात्रवृत्ति प्राप्त गर्न सफल भएका हुन्। उनीहरूको उत्कृष्ट उपलब्धिलाई सम्मान गर्न विद्यालय परिवार र व्यवस्थापन समितिको तर्फबाट विशेष कार्यक्रमको आयोजना गरिएको थियो । उक्त कार्यक्रममा गौशाला नगरपालिका-१२ का वडा अध्यक्ष कुशेश्वर सिंह कुशवाहा प्रमुख अतिथि रहनुभएको थियो।

## तपाईको टुडे

मेष: मनमा पछुतो आउने
वृष: अनावश्यक खर्चको संभावना
मिथून: पिछडेको साथी मिल्ने
कर्कट: विचार गरेर बोल्नुहोला
सिंह: लामो यात्राको योग छ
कन्या: अनावश्यक चिन्ता
तुला: अशुभ समाचार प्राप्त हुने
वृश्चिक: मित्रतामा फाटो आउने
धनु: पढाईमा ध्यान दिनुपर्ने
मकर: खानपानमा समस्या आउने
कूम्भ: शुभ कार्यको शुरुवात
मीन: आम्दानी हुने

## मधेश प्रदेशको गौरव



श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |
| आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं | १९७ |

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| विहान पुजा आरती | ०५:३० बजे |
| विहान ढोका बन्द | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०६:३० बजे |
| राति ढोका बन्द हुने समय | १२ बजे |

(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा




| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| विहान पुजा आरती | ०७:३० बजे |
| विहान ढोका बन्द | १२:०० बजे |
| अन्न क्षेत्र | निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०७:३० बजे |

# 'श्वेत हत्या' को आरोप लगाउँदै ट्रम्पद्वारा जी-२० शिखर सम्मेलन बहिष्कारको घोषणा

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २३ कार्तिक**

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले दक्षिण अफ्रिकामा श्वेत अफ्रिकीहरूलाई योजनाबद्ध रूपमा 'हत्या' गरिएको र उनीहरूको जग्गाहरू अवैध रूपमा जफत गरिएको दाबी गर्दै नोभेम्बरमा हुने जी-२० शिखर सम्मेलनमा कुनै पनि अमेरिकी सरकारी अधिकारी उपस्थित नहुने घोषणा गरेका छन्।



ट्रम्पले आफ्नै सामाजिक सञ्जाल ट्रुथ सोसलमा लेख्दै भने, "जी-२० दक्षिण अफ्रिकामा आयोजना गरिनु पूर्ण रूपमा लज्जाको विषय हो। यी मानवअधिकार उल्लङ्घनहरू जारी रहेसम्म कुनै पनि अमेरिकी सरकारी अधिकारी उपस्थित हुने छैनन्।" यसअघि उपराष्ट्रपति जेडी भान्सले बैठकमा सहभागी हुने भनिए पनि ट्रम्पले उक्त निर्णय संशोधन गर्दै अमेरिकी प्रतिनिधिहरूले यसलाई पूर्ण रूपमा वेवास्ता गर्ने बताए। ट्रम्पले सन् २०२६ को जी-२० शिखर सम्मेलन विवादास्पद रूपमा फ्लोरिडाको मियामीमा रहेको आफ्नै गल्फ रिसोर्टमा आयोजना गर्ने घोषणा पनि गरे। दक्षिण अफ्रिकी विदेश मन्त्रालयले ट्रम्पको टिप्पणीलाई 'खेदजनक' भनेको छ। मन्त्रालयले 'अफ्रिकीहरूलाई विशेष रूपमा गोरा समूहको देशको रूपमा चित्रण गर्नु ऐतिहासिक भए पनि यो समुदायले सतावटको सामना गरिरहेको दाबी तथ्यले प्रमाणित नगर्ने' स्पष्ट पारेको छ। प्रिटोरियाले आफ्नो जी-२० अध्यक्षताको विषयवस्तु 'एकता, समानता, र दिगोपन' रोजेको बताउँदै जातीय विभाजनबाट लोकतन्त्रसम्मको आफ्नै यात्रालाई ध्यानमा राखेर राष्ट्र जी-२० भित्र वास्तविक एकताको भविष्यको लागि काम गर्ने प्रतिबद्धता व्यक्त गरेको छ।

# आयो फिल्म 'मुगलान'को टिजर, मजदुरी गर्न भारत पुग्नेको कथा

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २३ कार्तिक**



रिहान प्रोडक्सनको ब्यानरमा बनेको 'फिल्म 'मुगलान' टिजर रिलिज सार्वजनिक भएको छ। ३९ सेकेन्डको टिजरमा आर्थिक अभाव झेलेका एक युवा परिवारलाई सुखमा राख्न मजदुरी गर्न भारत पुगेको कथा देखाउन खोजिएको छ।

फिल्मको टिजरले नेपाली समाजको तितो यथार्थ भन्छ। 'मुगलान'ले युवाहरूको परदेश सपना, गाउँघरको प्रेम र संघर्षको कथा उजागर गर्न खोजेको देखिन्छ। आगामी पुस १० गतेबाट प्रदर्शनमा आउन तयारीमा रहेको यो फिल्ममा अभिनेता प्रभात पाल र अभिनेत्री स्मारिका ढकालको मुख्य भूमिका छ। फिल्ममा उनीहरूको अलवा श्री शिवांशु, दिनेश डीसी, मोती सुवेदी, रामचन्द्र अधिकारी, खबपु, राजु राज सोनी, रश्मी भट्ट, जीवन गौतम र सबिन बास्तोलालगायत कलाकारको अभिनय छ। आशीष ढकालको लेखन तथा निर्देशनमा निर्माण भएको यो फिल्मका निर्माता गोमन सिंह रहेका छन्। यो फिल्मको को-प्रोड्युसरमा रिता चौधरी छिन्। तारा थापा 'किम्भे'को सम्पादन, जय विष्ट र राम गुरुङको द्वन्द्व निर्देशन रहेको यो फिल्ममा बीजीएम (ब्याकग्राउन्ड म्युजिक) रिदम कँडेलको छ। फिल्ममा कोरियोग्राफर देवेन्द्र कुँवरको छ भने डीओपी अजय रेग्मीको छ। फिल्मको वितरणको जिम्मा आरआर फिल्म्सले लिएको छ।

# पिपरामा डीप ट्यूबवेल जडान कार्यको शिलान्यास

**आरजे इर्शाद शेख**
**महोत्तरी, २३ कार्तिक**

पिपरा गाउँपालिका-४ मा पर्ने माध्यमिक विद्यालयको दक्षिणतर्फ रहेको गोरियाही चौरी क्षेत्रमा डीप ट्यूबवेल जडान तथा निर्माण कार्यको शिलान्यास गरिएको छ।



खडेरी तथा अन्य प्रतिकूल मौसममा पनि कृषकहरूलाई बाली सिंचाइमा सहजता पुऱ्याउने उद्देश्यका साथ समर सेबल पम्पसहित १२० मिटर गहिरइको डीप ट्यूबवेल निर्माण कार्यको शिलान्यास गाउँपालिका अध्यक्ष रमजानकी यादव र रतौली युवा क्लबका कार्यकारी निर्देशक बैद्यनाथ चौधरीले संयुक्त रूपमा गरेका हुन्। रतौली युवा क्लबको जिम्मेवारीमा ८ इन्च पाइप प्रयोग गरी करिब १२० मिटर गहिराइसम्म बोरिङ कार्य सम्पन्न गरिने र सो बोरिङबाट करिब ४ इन्च बराबरको पानी निकाल्ने व्यवस्था गरिनेछ। सोपछि हुने विजुली आपूर्ति, अभरहेड ट्यांकी निर्माण, पम्प हाउस निर्माण, कूलो खन्ने लगायतका कामहरू पिपरा गाउँपालिका र स्थानीय उपभोक्ता समितिको जिम्मेवारीमा रहने जनाइएको छ। काम सम्पन्न भएपछि उक्त डीप ट्यूबवेलबाट करिब ४० बिग्हा खेतमा सिंचाइ सुविधा उपलब्ध हुने लक्ष्य लिइएको गाउँपालिकाले जनाएको छ।

# फाफ डुप्लेसी र गप्टिल अनुबन्ध गरेर चर्चामा विराटनगर किङ्स

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २३ कार्तिक**



विराटनगर किङ्सले दोस्रो सिजनको नेपाल प्रिमियर लिग (एनपीएल) का लागि तयारी तीव्र बनाएको छ। पहिलो सिजन न्युजिल्याण्डका स्टार ब्याटर मार्टिन गप्टिल ल्याएर खेलाएको विराटनगरले दोस्रो सिजनका लागि अझ धेरै चर्चा कमाइसकेको छ।

मार्की सन्दिप लामिछाने रहेको टिम विराटनगरले लिग अघि नै ठूलो चर्चा कमाएको छ। विराटनगरले दोस्रो सिजनमा लागि दक्षिण अफ्रिकी ब्याटर फाफ डु प्लेसी जस्ता खेलाडीलाई अनुबन्ध गरेर ठूलो चर्चा बटुलेको छ। गप्टिललाई समेत फेरि अनुबन्ध गरेको विराटनगरले दक्षिण अफ्रिकाबाट फाफ डु प्लेसीसँगै फास्ट बलर मर्चेन्ट डे लाङलाई पनि अनुबन्ध गरिसकेको छ। ब्याटिङमा ध्यान: विराटनगरले यसपटक विशेषगरी ब्याटिङमा विदेशी खेलाडीमाथि लगानी गरेको छ। बलिङमा दक्षिण अफ्रिकी मर्चेन्ट ले डाङ भित्र्याएको विराटनगरले नेपाली बलरहरूमै विश्वास गरेको देखिन्छ।

फाफ डुप्लेसी र गप्टिलसँगै स्कटल्याण्डका आक्रमक ब्याटर जर्ज मुन्से अनि अस्ट्रेलियाका मिडल अर्डर ब्याटर साम हिजलेटलाई पनि अनुबन्ध गरेको छ। एनपीएलमा एक टिमले ६ जनासम्म विदेशी खेलाडी अनुबन्ध गर्न पाउने प्रावधान छ। त्यसमा ५ विदेशी अनुबन्ध गरिसकेको विराटनगरले अब एक विदेशी खेलाडी अनुबन्ध गर्न बाँकी छ। विराटनगरले अब विदेशी खेलाडीमा अलराउण्डर भित्र्याउन प्रयास गरिरहेको छ। नेपाली ब्याटरहरूमा विराटनगरमा लोकेश बम, नरेन भट्ट, शंकर राना छन्। लोकेश र नरेनलाई रिटेन गरेको विराटनगरले अक्सनबाट शंकर रानालाई अनुबन्ध गरेको हो। यस्तै बसिर अहमद र नारायण जोशी अलराउण्डरको रुपमा छन्।




अनुरोधकर्ता
बलवा नगरपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश





अनुरोधकर्ता
महोत्तरी गाउँपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश

# असल शिक्षक: आत्माको ज्योति बनेर समाज उज्यालो पार्ने गुरु




-शिक्षक एउटा साधारण शब्द होइन । यो शब्दभित्र गहिरो अर्थ, सामाजिक उत्तरदायित्व र आत्मिक दर्शन लुकेको छ। शिक्षक भन्नाले केवल किताबका अक्षर पढाउने व्यक्ति होइन, बरु जीवनका गहिरा अर्थ बुझाउने, चेतनाको द्वार खोल्ने, र अन्धकारमा दिशाको सङ्केत दिने मार्गदर्शक हुन्। शिक्षकले केवल मस्तिष्क होइन, हृदय पनि शिक्षित बनाउँछन्। उनीहरूले केवल अक्षर होइन, मूल्य, विचार, दृष्टिकोण र चरित्रको निर्माण गर्छन्।

त्यसैले शिक्षक मानव सभ्यताको साँचो निर्माता हुन्। तर समयको गतिसँगै शिक्षण पेसाको मूल आत्मा क्षय हुँदै गएको देखिन्छ । समाजले शिक्षकप्रतिको श्रद्धा गुमाउँदैछ, विद्यार्थीले शिक्षकप्रतिको भरोसा घटाउँदैछन् र शिक्षक स्वयं पनि आफ्नो 'गुरु' पहिचानबाट बिस्तारै टाढा भइरहेका छन्। आजको समयमा धेरै शिक्षकहरू राजनीतिक संगठन, संघ र दलका नजिक भएर शिक्षाको धर्म बिर्सिरहेका छन्। उनीहरू दलगत आदेश र स्वार्थको खेलमा फँस्दैछन्। परिणामस्वरूप शिक्षाको मूल उद्देश्य– चरित्रवान्, सचेत, र सृजनशील नागरिक उत्पादन गर्ने कार्य– दुर्बल हुँदै गएको छ। तर यो पतनको कथा अन्त्य होइन । समाधान पनि यहीँ छ– जब शिक्षक फेरि आफ्नो गुरु-धर्ममा फर्किन्छन्, जब उनीहरूले शिक्षणलाई पेसा होइन, पवित्र आह्वानका रूपमा ग्रहण गर्छन्, तब नै शिक्षा र समाज दुवै पुनर्जीवित हुन्छन् । असल शिक्षक बन्ने बाटो कठिन छ, तर असम्भव होइन ।

शिक्षकको अस्तित्व केवल कक्षा कोठासम्म सीमित हुँदैन । उनीहरूको भूमिका राष्ट्रको नैतिक, सामाजिक र बौद्धिक मेरुदण्डका रूपमा फैलिएको हुन्छ। जब शिक्षक निष्पक्ष, इमानदार र निष्ठावान् हुन्छन्, तब विद्यार्थीको मनमा शिक्षाप्रतिको श्रद्धा बस्छ। तर जब शिक्षक स्वार्थ, राजनीतिक प्रभाव र अनैतिक लाभमा रमाउन थाल्छन्, तब विद्यार्थीको चेतना पनि विकृत हुन्छ। आजको युगमा शिक्षण मिसन होइन, धेरैका लागि पेसा, कहिलेकाहीँ पद र प्रभावको साधन बनेको छ। यसले शिक्षाको मूल दर्शन– 'सत्यमेव जयते' लाई कमजोर बनाएको छ। असल शिक्षकको पहिलो पहिचान उनको स्वतन्त्रता र विवेक हो। शिक्षकको सोच कुनै दल, धर्म वा प्रवृत्तिले नियन्त्रण गर्न मिल्दैन । उनी स्वतन्त्र चेतनाका प्रतिनिधि हुन्। जसरी दीपकले प्रकाश फैलाउँछ तर आगोले उसको आधार जलाउन सक्दैन, त्यस्तै शिक्षकले समाजलाई ज्ञानको उज्यालो दिन्छन् तर अन्धो निष्ठा र स्वार्थले उनलाई जलाउन पाउँदैन । दुर्भाग्यवश, अहिले धेरै शिक्षकहरू यस्ता दलगत संघ-संगठनमा आबद्ध भएका छन्, जसले उनीहरूको स्वतन्त्र विवेकलाई नष्ट गर्दैछ। उनीहरूले आफूलाई शिक्षाको सिपाही होइन, दलका कार्यकर्ता बनाएका छन्। असल शिक्षकले यस्तो अन्धकारमा पनि प्रकाश फैलाउँछन्। उनी राजनीतिक दबाबभन्दा माथि उठ्छन्, सत्य र न्यायका पक्षमा अडान लिन्छन् । जब शिक्षकको कलम राजनीतिक आदेशको अधीनमा चल्छ, तब शिक्षा मृत हुन्छ। विद्यालय र विश्वविद्यालयहरू ज्ञानको मन्दिर होइन, प्रचारका केन्द्र बन्न पुग्छन्। शिक्षकहरू नीतिगत निर्णयहरूमा आफ्नो स्वार्थका आधारमा आवाज उठाउँछन्, विद्यार्थीहरू विभाजनमा तानिन्छन्, र शिक्षालयहरूको आत्मा दिशाहीन हुन्छ । यस्तो अवस्थामा शिक्षा केवल डिग्री उत्पादनको माध्यम बन्छ, विचार उत्पादनको होइन ।

तर असल शिक्षकले यस्तो अन्धकारमा पनि प्रकाश फैलाउँछन्। उनी राजनीतिक दबाबभन्दा माथि उठ्छन्, सत्य र न्यायका पक्षमा अडान लिन्छन् । उनी विद्यार्थीका आँखा खोल्छन् ताकि विद्यार्थीहरू सोच्न, प्रश्न गर्न र आफ्नो विवेक प्रयोग गर्न सिकून्। असल शिक्षक कुनै विचारको अनुयायी होइन, ज्ञानको साधक हुन्छ । उनीहरूले सिकाउँछन्, सत्यलाई खोज्नु, प्रश्न गर्नु र अनुभव गर्नु शिक्षा हो– अनुकरण गर्नु होइन ।

असल शिक्षकको अर्को पहिचान हो- मानवता र संवेदनशीलता । उनी विद्यार्थीलाई केवल अंकद्वारा होइन, अनुभूतिद्वारा मापन गर्छन् । असल शिक्षकले बुझ्छन्– विद्यार्थी केवल पाठ्यपुस्तक पढ्नका लागि विद्यालय आउँदैन, ऊ जीवनको उत्तर खोज्न आउँछ । त्यसैले शिक्षकले पाठको व्याख्या मात्र होइन, जीवनको व्याख्या पनि गर्नुपर्छ। शिक्षकको बोली, हाउभाउ र व्यवहार विद्यार्थीको हृदयमा बस्छ । साँचो शिक्षकले आफूलाई कहिल्यै 'श्रेष्ठ' ठान्दैन, बरु 'सेवक' ठान्छ–विद्यार्थीको सम्भावनालाई उजागर गर्ने सेवक। अहिलेको समय भौतिक प्रगतिले भरिएको छ– तर आत्मिक शून्यताले पनि । प्रविधि र आधुनिकताले मानिसलाई सजिलो जीवन त दिएको छ, तर संवेदना, नैतिकता र सरलता हराउँदै गएको छ। यस्ता अवस्थामा शिक्षकले केवल पाठ पढाउने होइन, मूल्य सिकाउने जिम्मेवारी पनि लिनुपर्छ। शिक्षकले विद्यार्थीलाई प्रतिस्पर्धा मात्र होइन, सहकार्य पनि सिकाउनुपर्छ; उपलब्धि मात्र होइन, नैतिकता पनि सिकाउनुपर्छ।

शिक्षाको गहिरो अर्थ हो– जीवनका हरेक कठिनाइमा नैतिक बलले उभिन सक्ने नागरिक तयार गर्नु। अब प्रश्न उठ्छ– जब शिक्षक राजनीतिक प्रभाव, व्यक्तिगत स्वार्थ र पेसागत विकृतिबाट ग्रस्त छन्, तब उनीहरू कसरी 'गुरु' बन्न सक्छन् ? तर यो सम्भव तब मात्र हुन्छ जब शिक्षक स्वयं आत्मानुशासित, इमानदार र आत्मविश्लेषी हुन्छ । शिक्षकको आत्म-सुधार नै शिक्षाको सुधार हो । जो शिक्षक अध्ययनमा निरन्तर रहन्छ, नयाँ विचार र विधि सिक्छ, र आफूलाई अद्यावधिक राख्छ, ऊ विद्यार्थीका लागि साँचो आदर्श बन्छ। तर जो शिक्षक स्थिर सोचमा बाँधिन्छ, राजनीति र स्वार्थमा रमाउँछ, ऊ शिक्षा प्रणालीका लागि चुनौती बन्छ । असल शिक्षकले हरेक दिन आफ्नो शिक्षण पद्धति, आचरण र उद्देश्यबारे आत्म-समीक्षा गर्नुपर्छ– 'के म विद्यार्थीमा प्रश्न गर्ने क्षमता जगाइरहेको छु वा केवल रटाउने संस्कार दोहोराइरहेको छु ?' शिक्षक बन्नु भनेको सिप सिक्नु मात्रै होइन, आत्मा परिष्कृत गर्नु हो ।

साभार : रातोपाटी ।




अनुरोधकर्ता
सम्सी गाउँपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश

"पत्र-पत्रिकाहरुको कम्प्युटर सेटिङ्ग गर्नका लागि हामीलाई सम्झनुहोस ।"



सम्पर्क –: दिलीप कुमार साह :–
मो.नं.-९८४०५१४८७, ९७०९०५७०६१ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला




अनुरोधकर्ता
लोहारपट्टी नगरपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश




प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday